नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(योजना तथा अनुगमन शाखा)

☎ ४६२२७१३
४६२२५६२
४६२२७३३
फ्याक्सः ४६२२९५७
ईमेल:info@dos.gov.np
वेभ: www.dos.gov.np

पत्र संख्याः ३।१।०७५।०७६
चलानी नं: १२८

मितिः २०७५/०८/०५

विषयः- परिपत्र सम्बन्धमा ।

श्री नापी कार्यालय सबै ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स.०७५/०७६(द.नं.४०१)६/१/२/३३५ च.न.७५८ मिति २०७५/०८/०५ को पत्र यसैसाथ संलग्न रहेको छ। आवश्यक व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई सोही अनुसार गर्न गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(ई.सुस्मिता सुवेदी)
नापी अधिकृत

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
जग्गा प्रशासन

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः-४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प.सं. ०७५।०७६(द.नं.४०१)६/१/२ ५३८
च.नं. ७५८

मितिः२०७५/०८/०५

विषयः- **परिपत्र सम्बन्धमा ।**

नापी विभाग
दर्ता नं. २४१६
प्राप्त मिति २०७५-८-५

श्री नापी विभाग,
मीनभवन ।

नेपाल सरकारले मोही लागेको जग्गा मोही र जग्गाधनी बीच बाँडफाँड गर्ने कारवाही टुङ्गो लगाई सक्ने अवधि मिति २०७६।०५।०४ गते सम्म मात्र रहेकोमा, भूमिसुधार कार्यालय र मालपोत कार्यालय एउटै कार्यालय भइसकेपछि जग्गा बाँडफाँडको विषयमा कित्ताकाँट हुनेमा पहिले निर्णय/फैसला गरी त्यसपछि कित्ताकाँट गरेर पुनः अर्को निर्णय गरेर दा.खा. गर्दा दोहोरो निर्णय भई कानूनसंगत नहुने हुँदा र सेवाग्राहीले समेत सरकारी कार्यालयको काम कारवाही झन्झटिलो महसुस गर्ने हुँदा पहिले कित्ताकाट गरी कित्ता नम्बर नै उल्लेख गरेर जग्गा बाँडफाँडको निर्णय/फैसला गरी दा.खा. तथा श्रेस्ता/पूर्जा अध्यावधिक गरी राख्न छिटो छरितो ढंगले एउटा कार्यालयको काम एकै पटक होस् भन्ने हेतुले प्रमुख मालपोत अधिकृतको आदेशले कित्ताकाट गर्न नापी कार्यालय पठाउँदा नापी कार्यालयले कित्ताकाट नगरी फिर्ता पठाई दिने गरेकाले जग्गा बाँडफाँडको काम सरलरुपले गर्न कठिनाई परेको र सरकारी कार्यालयको काम कारबाही प्रति सेवाग्राहीहरुमा समेत वितृष्णा उत्पन्न हुन जाने भएकाले जग्गा बाँडाफाँडको विषयमा भूमिसुधार तथा मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृतको आदेश बमोजिम कित्ताकाट गर्न नापी कार्यालयलाई यथाशीघ्र आवश्यक निर्देशन हुन सादर अनुरोध गर्दछु भनी भूमिसुधार कार्यालय भक्तपुरको च.नं. ५३७ मिति २०७५/८/२ मा लेखी आए अनुसार यसै आ.व.भित्र बाँडफाँड कार्य सम्पन्न गर्नु पर्ने भएकोले बाँडफाँडको सन्दर्भमा भूमिसुधार तथा मालपोत कार्यालयले माग गरेको विवरण, नक्साट्रेस, कित्ताकाँट लगायतका कार्यहरु प्राथमिकतामा राखी कार्य सम्पन्न गर्न सबै नापी कार्यालयहरुमा परिपत्र गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

(विक्रमप्रसाद पाण्डेय)
उपसचिव